# होस्टेल

भुवन के. सी. उत्सव के. सी.



सृजना ललितकला कलेजमा अध्यनरत ४ जना छात्र तथा ४ जना छात्रालाई राखेर सृजना मेडमले फूलबारी होस्टल संचालन गरेकी छिन् अल्लारे उमेरका छात्र तथा छात्रा सँगै एउटै छाना मुनि घर देखि टाढा केवल मित्रताको भावनालाई साँचेर सँगै एउटै होस्टलमा बस्न सक्दैनन् भन्ने कुरालाई चुनैती दिदै स्थापना गरिएको छ । फूलवारी होस्टल जसरी फूलवारीमा विभिन्न जातका फूलहरू फुल्दछन् त्यसैगरी फूलवारी होस्टलमा पनि विभिन्न जाति तथा समुदायका छात्र छात्रा नेपाल अधिराज्यका बिभिन्न ठाउँबाट आई बसेकाछन् र आफ्नो अध्ययन अघि बढाउदै छन् । आफ्नै स-साना गल्तीहरूबाट जिन्दगीका पाठहरू सिक्दै अगाडि बढेका यी छात्र छात्राहरूको जीवनमा त्यतिबेला परिवर्तन हुन्छ जतिबेला उनीहरूभन्दा केही Senior युवाको प्रवेश होस्टलमा हुन्छ । शंकास्पद व्यक्तिको रूपमा प्रवेश गरेका यी युवकले गर्दा होस्टलमा एउटा तनाव पैदा हुन्छ । तर वास्तवमा ती युवक यसरी एउटै होस्टलमा छात्र छात्रा कसरी मिलेर बसेका छन् त भन्ने कुरालाई लिएर बृत्तचित्र बनाउन आएको हुन्छ र यी कुरा स्पष्ट भएपछि तनावको अन्त्य हुन्छ । फेरि यत्तिकैमा बैंकबाट ऋण लिई संचालन गरेको उक्त होस्टलको लिलामीको लागि बैंकबाट चिठ्ठी आउँछ र यतिकैमा सिरियल सकिन्छ । उल्लेखित कथा नेपाल टेलिभिजनबाट केही समय अघि प्रसारित धाराबाहिक टेलिचलचित्र "होस्टल" को थियो । श्री मारूनी फिल्मस् प्रोडक्शनको प्रस्तुती रहेको र युवा निर्देशक नितेश राज पन्त को निर्देशनमा बनेको थियो । केवल दुई जना बाहेक सम्पुर्ण रूपमा नयाँ कलाकारहरूलाई लिएर बनाइएको यस टेलिचलचित्र वास्तवमै आजका स्वदेशी तथा विदेशी च्यानलहरूमा प्रसारित पारिवारिक जीवन र रूवाबासिको सँगालो रहेका टेलिचलचित्रहरू भन्दा पृथक थियो । १९-२१वर्षका कलाकारहरूको बाहुल्यता रहेको यो टेलिचलचित्रका दर्शकहरू भनेका १४ वर्ष देखि २४बर्ष सम्मका युवा थिए । सुरेन्द्र राना तथा रिसब पोखरेल को कथामा आधारित यो टेलिचलचित्रले होस्टल भन्ने शब्दलाई सम्पुर्ण रूपमा चरितार्थ गर्दथ्यो । होस्टलमा बस्दा पर्ने साना समस्या जस्तै शौचालय जानलाई पर्ने झगडा, टेलिभिजन हेर्दा पर्ने झगडा आदि इत्यादि स-साना कुरालाई पनि राम्ररी केलाईएको थियो । यस सिरियलमा केटा र केटी सगैं बस्दा उनीहरू प्रतिको सामाजिक दृष्टिकोण र उनीहरू बिचमा सम्बन्ध मित्रतामा मात्र सिमित रहदैन भन्ने आक्षेप एकातिर हुदाहुदै नितेशले बरू केटा केटीहरू सँगै बसेमा धेरै कुरामा एक अर्काको मद्दत लिन